# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८३।०५।०८ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला डडेल्धुरा, आलिताल गाउँपालिका वडा नं. ५ स्थित श्री भगवती प्राथमिक विद्यालय, पर्सेरावलका बालविकास सहजकर्ता मन्जु देवी बोहराले बालविकास सहजकर्ता पदमा नियुक्ति हुँदा पेस गरेका शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज मन्जु देवी बोहराले उत्तर प्रदेश, माध्यमिक शिक्षा परिषद भारतबाट हाई स्कूल परीक्षा पास गरेको भनी परीक्षा-२०१० को Marks Sheet, Certificate र प्रव्रजन प्रमाणपत्र समेतका झुट्टा (नक्कली) शैक्षिक योग्यताको प्रमाणपत्रहरु बनाई बनाउन लगाई तयार गरी गराई पेस गरी जिल्ला डडेल्धुरा, आलिताल गाउँपालिका, वडा नं. ५ स्थित श्री भगवती प्राथमिक विद्यालय (आधारभूत विद्यालय), पर्सेरावलमा राष्ट्रसेवक बालविकास सहजकर्ताको पदमा नियुक्ति लिई बहाल रही पारिश्रमिक भत्ता लगायतका लाभ सुविधा प्राप्त गरेको देखिंदा निज मन्जु देवी बोहराको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कैद र जरिवानाको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने